**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०१ जून २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा म्यांमाका राष्ट्रपति **ऊ मिन आऊं लाइन्** को साथ द्विपक्षीय वार्ता गर्नुहुनेछ।

- रक्षा मंत्री **राजनाथ सिंह** र ऑस्ट्रेलियाका उपप्रधानमंत्री तथा रक्षा मंत्री **रिचर्ड मार्ल्स ले** आज नयाँ दिल्लीमा **भारत-ऑस्ट्रेलिया रक्षा मंत्रिहरुको दोस्रो संवाद** को संयुक्त अध्यक्षता गर्नुहुनेछ।

- दस राज्यहरुको 24 राज्यसभा सीटहरुको द्विवार्षिक चुनावको लागि अधिसूचना आज जारी गरिनेछ।

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज आफ्नो मन्त्रिपरिषद् विस्तार गर्नुहुनेछ। मन्त्रिपरिषद्मा ३५ जना नयाँ मन्त्रीहरू सामेल हुनेछन्।

- प्रसिद्ध गायिका सुमन कल्याणपुरको 89 वर्षको उमेरमा हिज मुंबई स्थित उहाँको निवाशमा निधन भएको छ।

- ६.रोयल च्यालेन्जर्स बैंगलोरले गुजरात टाइटन्सलाई पाँच विकेटले पराजित गर्दै लगातार दोस्रो पटक आईपीएलको उपाधि हासिल गरेको छ।

**<u>म्यांमा राष्ट्रपति यात्रा</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा म्यांमाका राष्ट्रपति **ऊ मिन आऊं लाइन्** को साथ द्विपक्षीय वार्ता गर्नुहुनेछ। यस अवधि दुवै देशहरुको बीच ऐतिहासिक र सभ्यतागत संबंधहरुलाई अझ बलियो गर्न माथि चर्चा हुनेछ। साथै बातचीतमा सुरक्षा र संपर्क सहित आपसी सहयोगसित जुड़ेका विभिन्न मुद्दाहरुमा पनि विचार-विमर्श हुनेछ। राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हिजो साँझ नयाँ दिल्लीमा म्यान्माका राष्ट्रपतिसँग पनि भेटवार्ता गर्नुभयो।

राष्ट्रपति **आऊं लाइन् गत** शनिवार पांच दिनको भारत भ्रमणमा बिहारको गया आइपुगनु भएका थिए। उहाँको साथ एक उच्च स्तरीय प्रतिनिधिमंडल पनि रहेका छन्। राष्ट्रपतिको रूपमा यो उहाँको यो पहिलो भारत भ्रमण हो। राष्ट्रपति **आऊं लाइन्** भोली मुम्बई जानुहुनेछ , जहां उहाँले उद्धोग तथा व्यापार जगतका प्रतिनिधिहरुसंग पनि भेटघाट गर्नुहुनेछ।

**<u>भारत-ऑस्ट्रेलिया रक्षा मंत्री वार्ता</u>**

रक्षा मंत्री **राजनाथ सिंह** र ऑस्ट्रेलियाका उपप्रधानमंत्री तथा रक्षा मंत्री **रिचर्ड मार्ल्स ले** आज नयाँ दिल्लीमा **भारत-ऑस्ट्रेलिया रक्षा मंत्रिहरुको दोस्रो संवाद** को संयुक्त अध्यक्षता गर्नुहुनेछ।रक्षा मंत्रालयका अनुसार, बैठकमा रक्षा र सुरक्षा सहयोगलाई बलियो बनाउन , सेनाहरुको बीच तालमेल बढ़ाउन , रक्षा उद्योगमा साझेदारी, सह-विकास र सह-उत्पादनको अवसरहरुमाथि चर्चा हुनेछ।हिन्द–प्रशान्त क्षेत्रमा शान्ति, स्थिरता र सुरक्षालाई सुदृढ गर्ने दृष्टिकोणले पनि यो बैठक महत्वपूर्ण मानिएको छ।

**<u>राज्यसभा चुनाव अधिसूचना</u>**

दस राज्यहरुको 24 राज्यसभा सीटहरुको द्विवार्षिक चुनावको लागि अधिसूचना आज जारी गरिनेछ। यस चुनाव अंतर्गत आंध्र प्रदेश, गुजरात र कर्नाटकमा चार-चार सीटहरु , राजस्थान र मध्य प्रदेशमा तीन-तीन सीटहरु , झारखंडमा दुई सीटहरु र मणिपुर, मेघालय, अरुणाचल प्रदेश र मिजोरममा एक-एक सीटमा मतदान हुनेछ। पूर्व प्रधानमंत्री र जनता दल-एस नेता एच. डी. देवेगौड़ा, केंद्रीय मंत्री र भाजपा नेता जॉर्ज कुरियन र रवनीत सिंह, राज्यसभामा विपक्षका नेता र कांग्रेस अध्यक्ष मल्लिकार्जुन खर्गे ती सदस्यहरुमा शामेल छन् जसको कार्यकाल यसै महीना समाप्त भइरहेको छ। यसको अतिरिक्त महाराष्ट्र, तमिलनाडु र ओडिशामा एक-एक राज्यसभा उपचुनावको लागि अधिसूचना पनि आज जारी गरिनेछ। महाराष्ट्रका उपमुख्यमन्त्री सुनेत्रा अजित पवार र तमिलनाडुका एआईएडीएमकेका सांसद सीभी षणमुगमले राजीनामा दिएपछि यो सीट खाली भएको हो। नामांकन दाखिल गर्ने अन्तिम मिति जुन 8 हो। यही महिनाको १८ तारिखमा मतदान हुँदैछ। सोही दिन मतगणना पनि हुनेछ।

**पश्चिम बंगाल मन्त्रिपरिषद् विस्तार**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज आफ्नो मन्त्रिपरिषद् विस्तार गर्नुहुनेछ। मन्त्रिपरिषद्मा ३५ जना नयाँ मन्त्रीहरू सामेल हुनेछन्।
शपथ ग्रहण समारोह आज बिहान ११ बजे लोकभवनमा आयोजना हुनेछ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले ९ मईमा पाँच जना क्याबिनेट मन्त्रीहरूको टोलीसँग पदभार ग्रहण गर्नुभएको थियो। मन्त्रिपरिषद् विस्तारपछि, राज्य सरकारमा मन्त्रीहरूको कुल संख्या ४१ पुग्नेछ। यो संख्या २९४ सदस्यीय पश्चिम बंगाल विधान सभाको लागि तोकिएको संवैधानिक सीमा भित्र हुनेछ।

**सरकार-किसान १२ वर्ष**

प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा, "सबका साथ, सबका विकास, सबका विश्वास, र सबका प्रयास" को सिद्धान्तले विगत १२ वर्षमा भारतमा उल्लेखनीय परिवर्तन ल्याएको छ। यस अवधिमा, भाजपा सरकारले गरिब, किसान, महिला र युवाहरूको कल्याण र सशक्तिकरणको लागि महत्वपूर्ण पहलहरू गरेको छ। आकाशवानी समाचारले विगत १२ वर्षमा सरकारको प्रयासहरूको बारेमा विशेष रिपोर्ट ल्याउँछ। आज, हामी किसानहरूको कल्याणको लागि सरकारले चालेका कदमहरूमाथि प्रकाश पार्ने छौ। एक रिपोर्ट:

**कृषि बचाओ अभियान**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज मध्य प्रदेशको रायसेन जिल्लाबाट "कृषि बचाओ अभियान" सुरु गर्नुहुनेछ। यो अभियान ३० जुन सम्म जारी रहनेछ।
अभियानको मुख्य उद्देश्य मलको सन्तुलित र उचित प्रयोगलाई प्रवर्द्धन गर्नु, मौसमसँग सम्बन्धित चुनौतीहरूको बीचमा किसानहरूलाई समयमै सल्लाह प्रदान गर्नु र पञ्चायत स्तरमा जनसहभागिता सुनिश्चित गर्नु हो। श्री चौहानले सबै राज्यका मुख्यमन्त्रीहरूलाई अभियानमा सामेल हुन अपील गर्नुभएको छ। वहाँले किसानहरूलाई किसान क्रेडिट कार्ड, प्रधानमन्त्री किसान सम्मान निधि, बाली बीमा योजना र माटो स्वास्थ्य कार्ड जस्ता योजनाहरूको लाभ प्रदान गर्न विशेष जोड दिइने बताउनु भयो।कृषि मन्त्रीले जनसहभागिता मार्फत यो अभियानलाई व्यापक जनआन्दोलन बनाउन आह्वान गर्नुभएको छ।

**महायुति गठबंधन**

महाराष्ट्रमा सत्तारुढ महायुति गठबन्धनले आगामी विधान परिषदको चुनावका लागि १७ सिट बाँडफाँडलाई अन्तिम रूप दिएको छ। सहमतिअनुसार भाजपाले ११, शिवसेनाले चार र राष्ट्रवादी कांग्रेस पार्टी (एनसीपी) ले दुई स्थानमा प्रतिस्पर्धा गर्न सहमत भएको छ।

विपक्षी महाविकास अघाड़ीले पहिले नै 17 मध्ये 15 सीटहरुको लागि आफ्नो बाँडफाँड को घोषणा गरेको छ जसमा कांग्रेसले 8 सीटमा शिवसेना-यूबीटीले चार र शरद पवारका नेतृत्व भएको एनसीपीले तीन सीटमा चुनाव लड़नेछ।

**सुमन कल्याणपुर- निधन**

प्रसिद्ध गायिका सुमन कल्याणपुरको हिज  मुंबई स्थित उहाँको निवाशमा  निधन भएको छ। उहाँ 89 वर्ष की थिइन्। सुमन कल्याणपुर सन् १९५० देखि १९७० को दशकसम्म चलचित्र सङ्गीतमा हिन्दी, मराठी र अन्य धेरै भारतीय भाषाहरूमा सुमधुर गायनका लागि परिचित छिन्। उहाँको जन्म २८ जनवरी १९३७ मा बंगलादेशको ढाकामा भएको थियो |उहाँले  सन् १९५० को दशकको मध्यमा हिन्दी चलचित्रहरूमा आफ्नो सुरुवात गरेकी थिइन्  र अनुभवी सङ्गीतकार र गायकहरू, विशेष गरी मोहम्मद रफीसँग सयौं गीतहरू गाएकी थिइन्। सुमन कल्याणपुर केही प्रसिद्ध गीतहरूमा आज कल तेरे मेरे प्यार के चर्चा, ना ना करते प्यार र तुमने पुकार र हम चले आए समावेश छन्। मराठी संगीतमा पनि उहाँको  महत्वपूर्ण योगदान छ।
महाराष्ट्रका राज्यपाल जिष्णु देव वर्मा, मुख्यमन्त्री देवेन्द्र फडणवीस, उपमुख्यमन्त्री एकनाथ शिन्दे र सुनेत्रा पवार र केन्द्रीय मन्त्री नितिन गडकरीले सुमन कल्याणपुरको निधनमा शोक व्यक्त गरेका छन्।

## क्रिकेट

रोयल च्यालेन्जर्स बैंगलोरले गुजरात टाइटन्सलाई पाँच विकेटले पराजित गर्दै लगातार दोस्रो पटक आईपीएल उपाधि जितेको छ। फाइनलमा, अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा गुजरात टाइटन्सले रोयल च्यालेन्जर्स बैंगलोरलाई १५६ रनको लक्ष्य दिएको थियो। विराट कोहलीको अविजित ७५ रनले बैंगलोरले दुई ओभर बाँकी छँदै खेल जित्न मद्दत गर्‍यो।यसअघि, गुजरातले २० ओभरमा १५५ रन बनाएको थियो, जसमा वाशिंगटन सुन्दरले ३७ बलमा अविजित ५० रन बनाएका थिए। बैंगलोरका लागि रसिक सलाम दारले तीन विकेट लिए भने भुवनेश्वर कुमार र जोश हेजलवुडले दुई-दुई विकेट लिए। विराट कोहलीलाई म्यान अफ द म्याच घोषित गरियो।राजस्थानका खेलाडी वैभव सूर्यवंशीलाई प्लेयर अफ द सिरिज घोषित गरियो। सूर्यवंशीले ७७६ रन बनाएर ओरेन्ज क्याप पनि जिते, जो १५ वर्षको उमेरमा ओरेन्ज क्याप प्राप्त गर्ने सबैभन्दा कान्छो खेलाडी बने। कागिसो रबाडाले सिजनमा २९ विकेटका साथ पर्पल क्याप जिते।टिम डेभिडलाई ब्याकवर्ड पोइन्टमा आउट गरेकोमा मनीष पाण्डेले क्याच अफ द सिजनको अवार्ड प्राप्त गरे।मोहम्मद सिराजले सिजनमा सबैभन्दा धेरै डट बल बलिङ गर्ने खेलाडीको अवार्ड प्राप्त गरे।

## एशियाई कुश्ती-अंडर 17

भारतीय महिला कुस्ती खेलाडीहरूले भियतनामको दा नाङमा भएको एसियाली यू-(under)१७ कुस्ती च्याम्पियनशिपमा उत्कृष्ट प्रदर्शन गर्दै २ स्वर्ण, ३ रजत र ५ कांस्य पदकसहित कुल १० पदक जितेका छन्।
43 किलोग्राम वर्गमा  दीक्षा र 73 किलोग्राम वर्गमा  गरिमाले  फाइनलमा  उत्कृष्ट  जीत हासिल गर्दै  स्वर्ण पदक जीतेका छन्।